धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्

ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६४ ◆ २०८३ असोज ४ आइतबार ◆ Sunday, September 20, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

# संविधानको अक्षर र भावना दुवैप्रति सरकार पूर्ण प्रतिबद्ध छः प्रधानमन्त्री

❑ *लोकेश धामी*

काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाहले संविधानको अक्षर र भावना दुवैप्रति सरकार पूर्ण प्रतिबद्ध रहेको बताउनुभएको छ ।

संविधान दिवसका अवसरमा संविधान दिवस मूल समारोहमा समितिले शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले शहीदका रगतले लेखिएको संविधान, हामी कामले पूरा गर्छौं भन्नुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "संविधानप्रतिको निष्ठा र यसको पालनामा हामी पूर्ण प्रतिबद्ध छौं, म यो वाचा आज फेरि दोहोऱ्याउँछु । संविधान जारी भएको दिन हरेक वर्ष आउँछ तर संविधान पूरा हुने दिन हामीले आफैं ल्याउनुपर्छ, हरेक इमानदार निर्णयबाट, हरेक पारदर्शी नियुक्तिबाट, नागरिकको घरदैलोमा पुग्ने हरेक सेवाबाट ।"

जनताले सुशासन, विकास, समृद्धि र सामाजिक न्याय मागेका बताउँदै उहाँले सरकारको हरेक कदम त्यही आकाङ्क्षातर्फ केन्द्रित रहेको र रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्री शाहले प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र, मानव अधिकार र कानूनी राज्य हाम्रा लागि सर्तहरू नभइ हाम्रो राष्ट्रिय जीवनको आधार भएका बताउनुभयो ।

उहाँले भन्नुभयो, "यस संविधानले नेपाली जनतासँग एउटा वाचा गरेको छ, विविधताबीचको एकता, सबै प्रकारका विभेद र असमानताको अन्त्य, विकास, समृद्धि एवं सामाजिक न्यायका आधारमा समतामूलक समाजको निर्माण हो । एउटा कुरा हामीले कहिल्यै बिर्सनु हुँदैन । संविधान जति राम्रो भए पनि, त्यसलाई चलाउने हात इमानदार र अनवरत क्रियाशील भएनन् भने त्यो कागजको खोस्टो बन्छ ।" प्रधानमन्त्री शाहले भन्नुभयो, "यो सुरुवात हो, अन्त्य होइन । भ्रष्टाचार र दण्डहीनताको जरो गहिरो छ । तर त्यो जरो उखेल्ने हातहरू अब झन् बलिया छन्, झन् धेरै छन् । विकासका लागि सुशासन अनिवार्य पूर्वशर्त हो भन्ने कुरामा सरकार सचेत छ ।"

वर्तमान सरकारले सुशासन कायम गर्न प्रशासनिक संरचनाको उपयुक्त आकार निर्धारण, भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता, प्रशासन यन्त्रमा राजनीतिक तटस्थता र सरकारी एवं सार्वजनिक पदमा योग्यतामा आधारित नियुक्ति प्रक्रिया अवलम्बन गरेको उहाँको भनाइ थियो ।

"सुशासन नारा होइन, काम हो, हामी काम गरिरहेका छौं । सङ्घ, प्रदेश र स्थानीय तहबीच हुनुपर्ने सहकारिता, सहअस्तित्व र समन्वय का आधारमा राष्ट्र विकासको साझा उद्देश्य प्राप्त गर्न सङ्घीय सरकार प्रतिबद्ध छ", उहाँले भन्नुभयो । प्रधानमन्त्री शाहले आफूहरु पुरानै बाटो मात्र नहिँड्ने उल्लेख गर्दै कृत्रिम बुद्धिमता, डिजिटल प्रविधि र साइबर सुरक्षालाई सँगै लिएर,



नवप्रवर्तन र नवउद्यमलाई अगाडि राखेर, ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गरिने बताउनुभयो । डिजिटल सुशासन कार्ययोजना अनुसारको राष्ट्रिय डिजिटल पूर्वाधार त्यसैको जग भएको उल्लेख गर्दै प्रधानमन्त्रीले युवाले सडकमा मागेको सुशासन प्रविधिबाट पनि सुनिश्चित गरिने प्रतिबद्धता जनाउनुभयो ।

प्रधानमन्त्री शाहले भोटेकोशी बाढीबाट भएको क्षति हाम्रा लागि अकल्पनीय र अपूरणीय भएको आजको यस (बाँकी पृष्ठ ४मा)

# भदौमा पाँच अर्बको विद्युत् निर्यात

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । गत भदौमा रु पाँच अर्ब नौ करोड २४ लाख बढीको विद्युत् निर्यात भएको छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार उक्त अवधिमा भारत र बङ्गलादेशतर्फ कुल ५६ करोड ५६ लाख छ हजार ४४३ युनिट विद्युत् निर्यात भएको हो । द्विपक्षीय सम्झौता र विद्युत् बजार (एक्सचेन्ज मार्केट) मार्फत विद्युत् बिक्री गरिएको हो । द्विपक्षीय सम्झौता मार्फत ४२ करोड १६ लाख युनिटभन्दा बढी विद्युत् रु तीन अर्ब ६४ करोडभन्दा बढीमा बिक्री भएको छ । एक्सचेन्ज मार्केटमार्फत १४ करोड ३९ लाख युनिटभन्दा बढी विद्युत् निर्यातबाट रु एक अर्ब ४४ करोड ९९ लाख आम्दानी भएको छ ।

भोटेकोशी बाढीबाट चिलिमे तथा त्रिशूली जलविद्युत् केन्द्रका संरचनामा क्षति पुगेपछि हाल बङ्गलादेशतर्फको विद्युत् निर्यात रोकिएको जनाइएको छ ।

# संविधान कार्यान्वयनसँगै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने

बागमती । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले संविधानको प्रभावकारी कार्यान्वयन सँगै नागरिकलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभएको छ ।

संविधान दिवसका अवसर मा बागमती प्रदेश सरकारले शनिबार हेटौँडामा आयोजना गरेको विशेष समारोहमा उहाँले सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेको बताउनुभयो ।

प्रदेशलाई संविधानले प्रदान गरेका अधिकारको कार्यान्वयन, आवश्यक कानुन निर्माण तथा पर्याप्त स्रोत र जनशक्तिको व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो ।

प्रदेश सरकार नागरिकको अपेक्षाअनुसार जिम्मेवार, पारदर्शी र परिणाममुखी रूपमा अघि बढ्न प्रतिबद्ध रहेको मुख्यमन्त्री थापामगरले बताउनुभयो ।

भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा सुरक्षित बसोबास, अत्यावश्यक सेवा सञ्चालन, क्षतिग्रस्त पूर्वाधारको पुन : निर्माण तथा पीडितको जीविको पार्जनका लागि सङ्घीय सरकार र स्थानीय तहसँग समन्वय गरी पुनर्निर्माण तथा पुनर्लाभका कामलाई प्राथमिकताका साथ अघि बढाइने उहाँको कथन थियो ।

# संविधानका उपलब्धि संस्थागत गर्दै राष्ट्र निर्माणमा जुट्न मुख्यमन्त्री भट्टको आग्रह

धनगढी । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले संविधानका उपलब्धि संस्थागत गर्दै राष्ट्र निर्माणमा जुट्न एकजुट हुनुपर्ने बताउनुभएको छ ।

संविधान दिवसका अवसर मा सुदूरपश्चिम प्रदेश सरकारले शनिबार आयोजना गरेको कार्यक्रम मा उहाँले संविधानका मूल मर्म र भावनालाई व्यवहारमा अनुवाद गर्न सबै पक्ष एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

मुख्यमन्त्री भट्टले जनताको लामो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त संविधानले लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, सामाजिक न्याय, समानता र समावेशिताका मूल्यमान्यतालाई संस्थागत गरेको बताउनुभयो ।

सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री खुसीराम डगौरा थारुले वर्तमान संविधान कानुनको सङ्ग्रह मात्र नभई नेपाली समाजको विविधतालाई समेट्ने एकताको प्रतीक हो भन्नुभयो । सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलले संविधानको रक्षा गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।



सुदूरपश्चिम प्रदेशका निवर्तमान सभामुख अर्जुनबहादुर थापा, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव धर्मराज जोशी र धनगढी उपमहानगरपालिकाका उपप्रमुख कन्दकला रानालगायतले संविधानका विविध पक्षको विवेचना गर्नुभएको थियो ।

समारोहमा प्रदेश प्रमुख नजिर मियाँ, सभामुख भीमबहादुर भण्डारी, उपसभामुख कोइलीदेवी चौधरी, प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा सुरक्षा निकायका प्रमुख सहभागी हुनुहुन्थ्यो । संविधि दिवसको अवसरमा देशैभरीका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाका कार्यालयहरुले समेत विभिन्न कार्यक्रमहरुको आयोजना गरी दिवस भव्यतापूर्वक मानाएका थिए ।

# कुशको शव बनाएर पत्रकार थामीको अन्त्येष्टि

काठमाडौं । भोटेकोशी बाढीपछि बेपत्ता पत्रकार टेकराज थामीको कुशको शव बनाएर हिजो पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

नयाँ पत्रिका दैनिकका पत्रकार थामी गत भदौ १० गतेदेखि सम्पर्कविहीन हुनुभएको थियो । दोलखाको कालीञ्चोक गाउँ पालिका-२, बाबरेमा २०४२ साल जेठ १४ गते जन्मनुभएका थामीको प्रतीकात्मक शवमा उहाँका पिता डीलबहादुर थामीले दागबत्ती दिनुभयो ।

दुई दशकभन्दा लामो समयदेखि पत्रकारितामा सक्रिय थामीले कलमका माध्यमबाट गर्नुभएको योगदानको स्मरण गरिएको छ ।

पत्रकारितामा स्नातकोत्तर ४१ वर्षीय थामीले एचबिसी एफएम, सगरमाथा टेलिभिजन, एबिसी टेलिभिजन हुँदै नयाँ पत्रिकामा लामो समय काम गर्नुभएको थियो । उहाँले बागीश्वरी क्याम्पस र समृद्ध क्याम्पसमा पत्रकारिताको अध्यापन गर्नुका साथै पत्रकारिता प्रशिक्षण तथा लेखनमा समेत आफूलाई सक्रिय राख्नुभएको थियो ।

गोरखापत्र दैनिकको थामी भाषा पृष्ठका संयोजक समेत रहेका टेकराज नेपाल पत्रकार महासङ्घ र प्रेस चौतारी नेपालका पूर्वकेन्द्रीय समस्यका साथै नेपाल थामी समाजका पूर्वउपाध्यक्ष र नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) का पूर्वकोषाध्यक्ष हुनुहुन्थ्यो ।

चीनको स्वशासित क्षेत्र सिचाङको केरुङमा भदौ १० गतेका निम्ति निर्धारित 'साउथ एसिया रिसर्च सेन्टर इन सायथवेष्ट चाइना' कार्यक्रममा सहभागी हुन पत्रकार थामी भदौ ९ गते साँझ आफ्नै मोटरसाइकलबाट रसुवाको धुन्चे हुँदै रसुवागढी पुग्नुभएको थियो ।

पत्रकार थामीको कुशको शवमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले महासङ्घको झण्डा ओढाउनुभएको थियो भने नेपाल थामी समाजका अध्यक्ष रणबहादुर थामी लगायतले श्रद्धाञ्जली व्यक्त गर्नुएको थियो ।

अन्त्येष्टिमा पूर्वमन्त्रीहरु पार्वत गुरुङ, आनन्द पोखरेल, रासस र नयाँ पत्रिकाका सम्पादकीय नेतृत्व, प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डे, फोनिजका अध्यक्ष लक्की चौधरीसहित पत्रकारिता, सामाजिक, राजनीतिक, कानुन क्षेत्रका अगुवा र विभिन्न सहकर्मीहरुको उपस्थिति थियो । स्वर्गीय थामी राससकर्मी कालिका खड्काका श्रीमान् हुनुहुन्थ्यो ।

# रुपन्देही प्रहरीद्वारा ८३ फरार प्रतिवादी पक्राउ, फैसला कार्यान्वयनमा जोड

❑ *प्रत्यूष समाचारदाता*

रुपन्देही । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले अदालतको फैसला कार्यान्वयनका क्रममा गत भदौ महिनामा ८३ जना फरार प्रतिवादी लाई पक्राउ गरेको छ ।

प्रहरीले अदालती फैसला कार्यान्वयनलाई तीव्रता दिई फरार अवस्थमा रहेका प्रतिवादीलाई पक्राउ गरी कैद सजायँसहित उनीहरूबाट करिब रु एक करोड ३५ लाख जरिवाना असुलउपर गरेको, आपराधिक गतिविधिमा संलग्न जोकोहीलाई पक्रेर कानुन कार्यान्वयन मा सक्रय रहेको र ठगी तथा अपराधजन्य घटना न्यूनीकरण तथा रोकथामका पक्षमा नै शून्य सहनशीलता को नीति अपनाएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले अदालतको विभिन्न मितिको फैसला कार्यान्वयन गर्ने क्रममा गत भदौ महिनामा ८३ जना पक्राउ परेको, कैद सजायको व्यवस्थासहित निजहरूबाट रु एक करोड ३५ लाख ४० हजार ६०० असुलउपर गरेको र जारी अभियानलाई अझ प्राथमिकतासाथ निरन्तरता दिने पक्षमा प्रहरी प्रशासन रहेको स्पष्ट गर्नुभयो ।

यसैगरी, रुपन्देही प्रहरीले ठगी तथा सङ्गठित अपराधको कसुरमा फरार रहेकी सोही जिल्ला अन्तर्गत मर्चवारीमाई-३, रायपुरकी २४ वर्षीया उर्मिला बराईलाई पक्राउ गरी आवश्यक कारवाहीका लागि जिल्ला अदालतमा पेस गरेको छ । पक्राउ परेकी बराईले समूह बनाई सर्वसाधारणबाट रु एक करोड ५० लाख २२ हजार ५२० ठगी गरेको आरोपमा निजलाई पक्राउ गरिएको र सो घटनामा संलग्न अन्यको खोजीसहित आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक चन्दले जानकारी दिनुभयो ।

# संविधान दिवसका अवसरमा अमेरिकाद्वारा शुभकामना

न्यूयोर्क । अमेरिकी सरकारको विदेश मन्त्रालयले नेपालको संविधान दिवसका अवसरमा विज्ञप्तिमार्फत शुभकामना प्रदान गरेको छ । नेपाल र अमेरिकाको बीचमा दौत्य सम्बन्ध स्थापनाको करिब आठ दशक भएको स्मरण गर्दै व्यापार वृद्धि, नवप्रवर्तन र लगानीका क्षेत्रमार्फत नेपाल-अमेरिकाको साझेदारीलाई आगामी वर्षमा थप मजबुत बनाउन तत्पर रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । हालै भोटेकोशी हुँदै गएको बाढीपहिरोका कारण परिवार र समुदायले व्यहोरेको क्षतिको स्मरण गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा पीडितप्रति गहिरो समवेदनासहित प्रार्थना रहेको उल्लेख गरिएको छ । "खोज, उद्धार र पुनःस्थापनाको प्रयास जारी रहेका छन् । जीवन गुमाउनेप्रति शोक व्यक्त गर्न अमेरिकासँगै उभिएको छ", विज्ञप्तिमा अगाडि भनिएको छ, "पुनः स्थापनाका प्रयासमा सहयोग गर्न अमेरिका प्रतिबद्ध छ ।"

सम्पादकीय ....

## सन्दर्भ संविधान दिवशको

नेपालको संविधानको सबैभन्दा महत्वपूर्ण पक्षमध्ये एक मौलिक हकको व्यापक व्यवस्था हो । समानताको हकदेखि स्वतन्त्रताको हक, सञ्चार तथा अभिव्यक्तिको स्वतन्त्रता, न्यायसम्बन्धी हक, छुवाछूत तथा भेदभावविरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रता, सूचनाको हक, गोपनीयताको हक, शिक्षाको हक, स्वास्थ्यको हक, रोजगारीको हक, खाद्यसम्बन्धी हक, आवासको हक तथा सामाजिक सुरक्षासम्बन्धी हकसम्म संविधानले नागरिकको अधिकारलाई विस्तृत रूपमा सम्बोधन गरेको छ । विशेषतः सामाजिक न्याय र समावेशीकरणका दृष्टिले नेपालको संविधानले दक्षिण एसियाका अन्य लोकतान्त्रिक व्यवस्थासँग तुलना गर्दा उल्लेखनीय रूपमा संवैधानिक मान्यताको प्रयोग गरेको देखिन्छ ।

कुनै पनि देशको संविधान केवल राज्य सञ्चालन गर्ने कानुनी दस्तावेज मात्र होइन । त्यो राष्ट्रको राजनीतिक चेतना, ऐतिहासिक अनुभव, जनआकांक्षा र भविष्यको दिशानिर्देश पनि हो । संविधानले राज्यका अङ्गहरूको संरचना निर्धारण गर्छ । नागरिकका अधिकार सुनिश्चित गर्छ । सरकारको शक्ति सीमित गर्छ र नागरिक तथा राज्यबीचको सम्बन्धलाई व्यवस्थित गर्छ । त्यस अर्थमा नेपालको संविधान, २०७२ लाई केवल एउटा कानुनी ग्रन्थका रूपमा हेर्नु यसको ऐतिहासिक महत्वलाई संकुचित गर्नु हुनेछ ।

नेपालको संविधान, २०७२ लामो राजनीतिक सङ्घर्ष, जनआन्दोलन, सशस्त्र द्वन्द्व, शान्ति प्रक्रिया, संविधानसभा र विभिन्न समुदायका आकांक्षाको लामो यात्राबाट निर्माण भएको दस्तावेज हो । यस संविधानको प्रस्तावनाले नै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र तथा सक्षम न्यायपालिका र कानुनी राज्यलाई लोकतान्त्रिक मूल्यका रूपमा आत्मसात् गरेको छ । नेपाललाई सङ्घीय, लोकतान्त्रिक, गणतान्त्रिक, धर्मनिरपेक्ष र समावेशी राज्यका रूपमा परिभाषित गर्नु यसको महत्वपूर्ण विशेषता हो ।

यो संविधान कागजमा लेखिएको सामान्य कानुनी दस्तावेज होइन । यसको प्रत्येक लोकतान्त्रिक उपलब्धिको पछाडि नेपाली जनताको लामो सङ्घर्ष, त्याग र बलिदान जोडिएको छ । विभिन्न कालखण्डमा नागरिकहरूले आफ्नो स्वतन्त्रता, अधिकार र राजनीतिक परिवर्तनका लागि जेल, यातना, निर्वासन, सामाजिक बहिष्कार र कतिपय अवस्थामा जीवनसमेत गुमाउनुपरेको इतिहास हामीसँग छ ।

देशको शासन प्रशासनमा सबै तह र तप्काहरूको सहभागिताको सुनिश्चितता गरेको छ । यसले लोकतन्त्रलाई केवल 'बहुमतको शासन' का रूपमा नहेरी विविधता र सहभागितासँग जोडेको छ । नेपालको सामाजिक बनोट बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक भएकाले यस्तो समावेशी दृष्टिकोण संविधानको मौलिक विशेषता बन्न पुगेको छ ।

नेपालको संविधानका कतिपय लोकतान्त्रिक मूल्य र संरचनाको तुलना भारतको संविधानसँग गर्न सकिन्छ । भारतको संविधानले पनि मौलिक अधिकारलाई महत्वपूर्ण स्थान दिएको छ ।

## नेपालको संविधान- शान्ति र सहकार्यको साझा दस्तावेज

एकराज पाठक

कुनै पनि देशको संविधान राज्यअर्थात् शासन सञ्चालनको कानुनी दस्तावेज हो । तर, नेपालको वर्तमान संविधानलाई यतिमात्र नभनेर लामो राजनीतिक सङ्क्रमण, सशस्त्र द्वन्द्व र त्यसबाट उत्पन्न असन्तुष्टिहरूलाई सम्बोधन गर्ने एउटा साझा कानुनी दस्तावेज पनि भन्न सकिन्छ । त्यसैले कुनै सामान्य राजनीतिक परिस्थिति या परिवर्तन बाट नभएर यो संविधानको जन्म एक दशक लामो माओवादी सशस्त्र द्वन्द्व, जनविद्रोहका कारण हजारौं नागरिकको मृत्यु, ठूलो सामाजिक-आर्थिक क्षति र त्यसबाट उत्पन्न गहिरो राजनीतिक सङ्कटको पृष्ठभूमिबाट भएको पनि भन्न सकिन्छ ।

विसं २०६३ को विस्तृत शान्ति सम्झौताले मुलुकमा सशस्त्र द्वन्द्व सञ्चालन गरिरहेको माओवादी शक्तिलाई हतियार बिसाएर शान्तिपूर्ण राजनीतिक प्रक्रियामा प्रवेश र रूपान्तरण गर्ने बाटो खोल्यो । सो सम्झौतापछि नै माओवादीहरु हतियारको राजनीतिबाट चुनावी अर्थात् मतको राजनीतिमा समाहित हुन पुगे । त्यसको मिलनविन्दु थियो संविधानसभाको निर्वाचन र त्यसमार्फत नयाँ संविधान ।

सोही सहमतिपछि नै सबै तत्कालीन प्रमुख राजनीतिक शक्तिहरू संविधान निर्माणको एउटै प्रक्रियामा सहभागी हुन पुगेका हुन् । त्यसैले यो अर्थमा नेपालको वर्तमान संविधान सामान्य राजनीतिक परिवर्तन या राजनीति मागको सम्बोधनका लागि नभएर निकै लामो बहस, सङ्घर्ष, तथा राजनीतिक परिवर्तनको सहमति र सम्झौताको दस्ताबेजका रुपमा आएको हो ।

यही संविधानले नै द्वन्द्वलाई राजनीतिक संस्थागत प्रक्रियामा रूपान्तरण गऱ्यो र मुलुकलाई सङ्घीय शासनको मोडलमा प्रवेश गरायो । राजतन्त्रको अन्त्यदेखि गणतन्त्रको स्थापना, समावेशीता र सङ्घीयताको संस्थागत स्वीकारोक्ति सम्मका परिवर्तनहरू यसै राज-नीतिक रूपान्तरणका परिणाम हुन् भन्दा फरक पर्दैन ।

सङ्घीय मोडलमार्फत मुलुकको केन्द्रमा सीमित राज्यसत्ता र स्रोत-साधनको वितरणप्रति लामो समयदेखि रहँदै आएको असन्तुष्टि लाई सम्बोधन गर्ने प्रयास पनि सुरु भयो । सोहीबमोजिम नै मुलुकको राज्य पुनःसंरचना गरियो । सात प्रदेशसहितको सङ्घीय संरचना निर्माण भयो जुन केवल प्रशासनिक पुनर्विभाजन मात्र थिएन । यसमा विभिन्न समुदायको पहुँच, अधिकार र सहभागिताको सुनिश्चितता पनि छ ।

यस संविधानले जनताको घरआँगनकै सरकारका रुपमा स्थानीय गरी सङ्घीय र प्रदेशसहित तीन तहको सरकारको परिकल्पना गरेको छ, । मुलुकको प्रमुख शासकीय मोडलका रुपमा कार्या-न्वयन मा छ । तर पनि जुन सोच, आवश्यकता र मान्यताबमोजिम मुलुकमा सङ्घीयताको मोडलको परिकल्पना गरिएको थियो, त्यसबमोजिमको लाभ भने नेपाली जनताले प्राप्त गर्न नसकेका असन्तुष्टिहरु देखिँदै गएका छन् ।

कानुनमा सङ्घीयताको उत्कृष्ट व्यवस्था भए पनि व्यवहारमा जानताले त्यस बमोजिम को सेवा प्रवाह प्राप्त गर्न नसकेका आवाज दिन प्रतिदिन बढ्दै गएको पनि देखिन्छ ।

विसं २०६० को दशकमै देश सरकार परिवर्तनको मात्र नभएर शासकीय स्वरुप नै परिवर्तनको सञ्चारमा र सङ्क्रमण कालीन अवस्थामा थियो । यस्तो परिस्थितिमा सबैले मान्ने खालको संविधान निर्माण र जारी गर्नु जरुरी त थियो तर सजिलो भने थिएन । दुई-दुई पटकको संविधानसभा निर्वाचनपछि मात्र आम सहमतिको संविधान सम्भव भयो र २०७२ असोज ३ गते संविधानसभाबाट यो जारी पनि भयो । सामाजिक न्यायको हकलाई आफ्नो मौलिक हकका रूपमा व्यवस्था गरेर यो संविधानले समावेशी सिद्धान्तका आधारमा राज्यका हरेक निकायमा नेपालका विभिन्न वर्ग र समुदायको सहभागिताको हक सुनिश्चितसमेत गरेको छ ।

केन्द्रीय संसद् र प्रादेशिक संसद्, सङ्घीय सरकार र प्रादेशिक सरकारलगायत सबै क्षेत्रमा जातीय जनसङ्ख्याका आधारमा समानु-पातिक सिद्धान्तअनुरूप अनिवार्य प्रतिनिधित्व गराइने गरी यस संविधानले गरेको व्यवस्था नेपालको संवैधानिक इतिहासमा नयाँ हो । संविधानको यही प्रावधान एवं सामाजिक न्यायका सिद्धान्तका कारण संसद्मा महिला सहभागिताको अवस्था उदाहरणीय छ, जुन भारतलगायत विश्वका अन्य देशको तुलनामा नेपालमा नै धेरै छ भन्न सकिन्छ । संविधानले अल्पसङ्ख्यकको हक अधिकारको संरक्षण गरेको छ र उनीहरू पनि राज्यबाट प्रदान गरिने सेवा र सुविधामा समानु पातिकता लाभान्वित हुनसक्ने व्यवस्था गरेको छ । संविधानले नै संवैधानिक आयोगको मान्यता बमोजिम महिला, दलित, समावेशी, आदिवासी जनजाति, मुस्लिम, थारु, मधेशी आयोगको छुट्टाछुट्टै व्यवस्था गरेको छ । सीमान्तकृत वर्ग र समुदायका नागरिकको हकअधिकार को संरक्षण र सम्वर्द्धन गरिएको यो संवैधानिक व्यवस्थाका कारण पनि नेपालको वर्तमान संविधान समावेशी र प्रगतिशील दस्ताबेजको एक उत्कृष्ट उदाहरण हो भन्न सकिन्छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति वर्तमान संविधानको अर्को लोकतान्त्रिक व्यवस्था हो । नेपालको संवैधानिक तथा पत्रकारिताको इतिहासमा प्रस्तावनामा नै प्रेस स्वतन्त्रता उल्लेख गरेको यसअघिको २०६३ सालको अन्तरिम संविधानपछिको यो दोस्रो संविधान हो । संविधानको प्रस्तावनामा नै 'पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रही...' भन्ने वाक्यांश यस संविधानमा राखिएको छ । यसरी प्रस्तावनामै प्रेस स्वतन्त्रताको सुनिश्चितताको व्यवस्था गर्ने विश्वका वीरलै पाइने संविधानमा हाम्रो संविधान पनि पर्दछ ।

भारतको संविधानमा पनि अभिव्यक्ति स्वतन्त्रताको कुरा राखिएको छ तर प्रेस स्वतन्त्रता भनेर प्रस्तावनामा लेखिएको छैन । प्रेस स्वतन्त्रता र संविधानका ज्ञाताहरूले संविधानको यस प्रावधानलाई नेपालको संवैधानिक तथा पत्रकारिताको इतिहासमा सबैभन्दा प्रगतिशील र महत्वपूर्ण संवैधानिक प्रावधानका रूपमा परिभाषित गर्ने गरेका छन् । नेपाली जनताको अधिकतम सहभागितामा सम्पन्न संविधानसभाबाट चुनिएका प्रतिनिधि मार्फत नेपाली जनताले आफैं जारी गरेको यो संविधानका यी लोकतान्त्रिक र प्रगतिशील विशेषताहरूको जगमा उभिएर नेपाली समाजमा रहेका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका उपलब्धिहरू हासिल गर्न सकिन्छ । विविध समस्याहरूको उपयुक्त समाधान गर्दै जनताका घरघरमा लोकतन्त्रको अनुभूति हुने गरी कार्यभार पूरा गर्न यो संविधान ले प्रशस्तै स्थान दिएको छ ।

विभिन्न कारण र समयका विश्वका आन्तरिक द्वन्द्वहरूको व्यवस्थापनका उदाहरण दिँदा नेपाल छुट्यो भने त्यो व्याख्या अधुरो हुन पुग्दछ । किनभने नेपालको वर्तमान संविधान यस्ता आन्तरिक द्वन्द्व व्यवस्थापनको विश्वकै एक सफलताको उदाहरण हो । छोटै समयमा नेपालले सफलता प्राप्त गरेको शान्ति प्रक्रियाको एउटाउपज नेपालको वर्तमान संविधान हो भन्दा हुन्छ ।

मुलुकमा सशस्त्र विद्रोह गरेको एउटा राजनीतिक शक्ति हतियार बिसाएर शान्ति प्रक्रियामा आई एकाध वर्षमै आफैँले संविधान निर्माण गरेका नेपालजस्ता उदाहरण संसारमा द्वन्द्व समाधानको अगुवाइ गर्ने संयुक्त राष्ट्रसङ्घसँग पनि बिरलै होलान् । करिब १० वर्ष सशस्त्र विद्रोह गरेको तत्कालीन नेकपा (माओवादी) शक्ति मुलुकका अरू प्रजातान्त्रिक दलसँगको सहकार्यमा शान्ति प्रक्रियामा आयो, संविधान सभा निर्वाचनमा सहभागी भयो र आफ्नै सहभागितामा संविधान निर्माण पनि गऱ्यो । मुलुकमा संविधान निर्माण को अगुवाइ गरी आफ्नो नेतृत्वको सरकारले घोषणा गर्ने काम सम्पन्न गर्ने तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई आजका दिनमा स्मरण गर्नु नै पर्ने हुन्छ ।

विसं २०६२ को मङ्सिरमा तत्कालीन सात राजनीतिक दल र विद्रोही माओवादीबीच सम्पन्न १२ बुँदे सहमतिपछि देशमा सुरु भएको शान्ति प्रक्रियाका प्रतिबद्धताबाट पनि यो संविधान निर्माणको गोरेटो कोर्न सुरु भएको भन्न सकिन्छ ।

नेपालको शान्ति प्रक्रियाको यही सफलता विश्वका सशस्त्र द्वन्द्वको व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्नेले दिने एक उत्कृष्ट दृष्टान्त पनि हो । त्यसैगरी संविधानसभाद्वारा जारी यो संविधान पनि विश्वकै एक प्रगतिशील र जनपक्षीय संविधानका रूपमा उदाहरण दिन मिल्दछ । नेपालको संसद् समावेशिताको एउटा उत्कृष्ट उदाहरण हो र त्यसको परिकल्पना पनि यही संविधानले नै गरेको हो । त्यसैले पनि यो संविधानलाई नेपाली नागरिकले अर्थात् उनीहरुका प्रतिनिधिहरुले नै जारी गरेको र द्वन्द्व समाधान गरी शान्ति स्थापना गर्ने एक साझा दस्ताबेजका रुपमा लिन सकिन्छ । तर, यो संविधान संशोधनको बहस पनि देशमा सुरु भएको छ । संविधान लिखित कानुनी दस्ताबेज भएकाले समयानुकुल त्यसमा परिवर्तनको आवश्यकता महसुस हुँदै जानुलाई अस्वाभाविक मान्न सकिँदैन । यही आवश्यकताको महसुस भएर नै वर्तमान सरकारले संविधान संशोधन सुधार कार्यदल गठन गरेको छ । प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठन भएको सो कार्यदलमा संसद्मा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलहरुको सहभागिता छ ।

सो कार्यदलले आवश्यक सुझाव सङ्कलन गरी सरकारले बुझाएको छ र सरकार अहिले ती सुझाव अध्ययन गर्दैछ । राजनीतिकसहित बृहत् क्षेत्र समेटेर तयार पारिएको सो संविधान संशोधनसम्बन्धी बहसपत्रमा प्राप्त सुझाव र राष्ट्रिय आवश्यकताबमोजिम नै संविधान संशोधन हुँदै जाने अपेक्षा अहिलेलाई गर्न सकिन्छ ।

## सिमकोटका बालबालिकालाई कपडा सहयोग

हुम्ला । कर्मफ्लाइट्स फाउण्डेशनले हुम्लाका एक हजार ५५० विद्यार्थीलाई न्यानो कपडा उपलब्ध गराएको छ । जिल्लाका १७ विद्यालयका विद्यार्थी लाई वितरण गर्ने गरी उक्त कपडा सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीलाई शुक्रबार हस्तान्तरण गरिएको हो ।

बालबालिकाका क्षेत्रमा काम गर्दै आएको कर्मफ्लाइट्स फाउण्डेशन नेपालले सिमकोट गाउँपालिकाका १७ विद्यालयका एक हजार ५५० विद्यार्थीका लागि ज्याकेट, जुत्ता, मोजालगायत उपलब्ध गराउने सम्झौताअनुसार उक्त सामग्री हस्तान्तरण गरिएको सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले बताउनुभयो । "एक कार्यक्रमकाबीच उक्त सामग्री फाउण्डेशनले पालिकालाई हस्तान्तरण गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको छ", भण्डारीले भन्नुभयो, "अब सबै सामग्री जिल्लामा लिएर हामीले १७ वटा विद्यालयका विद्यार्थीलाई हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाउँछौं ।" हिउँदे मौसम सुरु हुन लाग्दा यी सामग्रीले विद्यार्थीलाई निकै प्रभावकारी र उपलब्धिमूलक हुने उहाँको भनाइ छ । फाउण्डेशनले शिक्षा तथा प्रविधिको क्षेत्रमा समेत सिमकोट गाउँपालिकासँग सहकार्य गर्दै आएको छ । यस वर्ष थप विद्यालयमा कम्प्युटर ल्याब स्थापना गर्ने योजना रहेको पनि भण्डारीले बताउनुभयो ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## संविधानद्वारा सुशासन र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न मार्गनिर्देश

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न संविधानले मार्गनिर्देश गरेको बताउनुभएको छ ।

संविधान दिवसका अवसर मा शनिवार शुभकामना सन्देश जारी गर्दै उहाँले सङ्घर्ष, त्याग र बलिदानको जगमा निर्माण भएको संविधान सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधारशीला रहेको उल्लेख गर्नुभएको छ । "संविधानले नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, समानता, तथा सामाजिक न्याय, समावेशिता तथा लोकतान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्ने मार्गनिर्देशन गरेको छ", शुभकामना सन्देशमा उल्लेख छ ।

## बीसौँ एसियाली खेलकुद आजदेखि, नेपालबाट १३५ खेलाडी सहभागी

काठमाडौँ । बीसौँ एसियाली खेलकुद प्रतियोगिता शनिबारदेखि जापानमा औपचारिक रूपमा सुरु हुँदैछ । प्रतियोगिता ४ अक्टोबर (असोज १८ गते) सम्म आइची प्रिफेक्चर र नागोया सहरमा आयोजना हुन लागेको हो ।

प्रतियोगिताको उद्घाटन समारोह शनिबारै नागोया सिटी मिजुहोपार्क एथलेटिक खेल मैदानमा हुनेछ । समारोह स्थानीय समय अनुसार शनिबार साँझ ६:०० बजे सुरु गरिएको थियो । प्रतियोगिताका केही खेल भने उद्घाटन समारोह अघि सुरु भइसकेका छन् ।

नेपालबाट १३५ खेलाडीको सहभागिता

यस संस्करणको एसियाली खेलकुदमा नेपालबाट २१ खेलमा १३५ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । नेपालबाट सहभागी हुने खेलाडीमा ५७ महिला र ७८ पुरुष जनाउँदै राष्ट्रिय खेलकुद परिषद् ( राखेप) का सदस्यसचिव रामचरित्र मेहताले टोलीमा खेलाडीबाहेक प्रशिक्षक, व्यवस्थापक, प्राविधिक तथा मेडिकल प्रतिनिधिसहित २११ जना रहने बताउनुभयो । उहाँका अनुसार यसपटक छनोट प्रक्रियाका कारण अघिल्लो संस्करणको तुलनामा नेपालको खेलाडी सङ्ख्या घटेको हो ।

सन् २०२३ मा चीनको हाङ्झाउमा भएको एसियाली खेलकुदमा नेपालबाट २५३ खेलाडी सहभागी भएका थिए । सदस्यसचिव मेहताका अनुसार नेपालबाट कबड्डीमा सबैभन्दा बढी २४ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । त्यसपछि क्रिकेटमा १५, भलिबलमा १२, उसुमा १०, करातेमा आठ तथा बक्सिङमा सात खेलाडी सहभागी हुँदैछन् ।

साथै एथलेटिक्स, जुडो, टेबलटेनिस र कुस्तीमा छ-छ तथा पौडी र टेनिसमा पाँच-पाँच खेलाडीले नेपालको प्रतिनिधित्व गर्नेछन् । यस्तै ब्याडमिन्टन, गल्फ र सफ्ट टेनिसमा चार-चार, तेक्वान्दोमा तीन तथा आर्चरी, साइक्लिङ, यॉष्टिङ एण्ड क्यानोइङ, स्केट एण्ड स्केट बोर्डिङ र स्क्वासमा दुई-दुई खेलाडीले प्रतिस्पर्धा गर्ने उहाँले जानकारी दिनुभयो । उद्घाटन समारोहमा बक्सिङका चन्द्रबहादुर थापामगर र कबड्डीकी मानमती विष्टले नेपालको राष्ट्रिय झण्डा बोक्नेछन् । थापामगरले गत वर्ष दुबईमा भएको विश्व बक्सिङ च्याम्पियनसिपमा कांस्य पदक जितेका थिए भने विष्टको कप्तानीमा नेपाली महिला कबड्डी टोलीले सन् २०२३ को हाङझाउ एसियाली खेलकुदमा कास्य पदक जितेको थियो । नेपालले यसपटक एसियाली खेलकुदमा स्वर्णसहित दोहोरो अङ्कमा पदक जित्ने लक्ष्य राखेको छ । आइची-नागोया एसियाली खेलकुद मा ४३ खेल समावेश छन् । प्रतियोगितामा ४५ देश तथा क्षेत्र र एक शरणार्थी टोलीका खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

## संविधानको रक्षा र कार्यान्वयनमा उच्चतम समझदारी आवश्यकः प्रदेश प्रमुख देवकोटा



बागमती । बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले संविधानको कार्यान्वयनमा क्रियाशील शक्ति हरूले उच्चतम समझदारी बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

संविधान दिवसका अवसर मा हिजो शनिवार शुभकामना सन्देश जारी गर्दै उहाँले मुलुकको संविधानले केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको बताउनुभएको छ ।

सन्देशमा उहाँले देशको सर्वोच्च कानुन संविधान भएकाले यसको परिपालना सबैको कर्तव्य भएको तथा यसको मर्मअनुरूपको लोकतान्त्रिक कल्याणकारी राज्यको अनुभूति जनतामा दिलाउन सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको छ ।

विभिन्न रानीतिक दलका नेताहरुले समेत गणतन्त्र प्राप्तिका लागि भएका संघर्षपूर्ण इतिहासलाई हेर्न र संविधनको पूर्ण कार्यान्वयनका लागि समेत माग गरेका छन् ।

## संविधानको ११ वर्षः निर्णय प्रक्रियाको मूलधारमा जवन्ती माहुत

राँझा । कुनै समय हातमा मागने झोला बोकेर दिनभरिको छाक टार्न भौतारिने बाँकेको डुडुवा गाउँ पालिका-६ मगन्तापूर्वा टोलकी जवन्ती मगन्ता (माहुत) अहिले मगन्ता समुदायकी सामान्य महिला मात्र नभई सम्पूर्ण सीमान्तकृत र लोपोन्मुख बस्तीको भविष्य कोर्ने जनप्रतिनिधि बन्नुभएको छ ।

नयाँ संविधान जारी भएपछि कार्यान्वयनमा आएको सङ्घीयताले सिंहदरबारको अधिकार गाउँगाउँमा मात्र पुर्याएन, समाजको सबैभन्दा पिँधमा पारिएका सीमान्त कृत, दलित र लोपोन्मुख समुदाय लाई निर्णय प्रक्रियाको मूलधारमा ल्याइदिएको छ । विसं २०७८ को जनगणनाअनुसार बाँके र बर्दियामा ३४९ परिवारका १ हजार ४८९ जना (७०८ महिला र ७८१ पुरुष) जनसङ्ख्या रहेको यो समुदायले पहिलोपटक स्थानीय सरकारमा प्रत्यक्ष प्रतिनिधित्व पाएको छ ।

आफ्नो समुदायको दुःख, पीडा र अभावलाई नजिकबाट भोग्नुभएकी जवन्ती गत २०७९ को स्थानीय तह निर्वाचनमा डुडुवा गाउँपालिका-६ बाट वडा सदस्य पदमा निर्वाचित हुनुभएको हो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट वडा सदस्य जित्नुभएकी जवन्ती लाई पार्टीले कार्यपालिका सदस्य समेत बनाएको छ । कार्यपालिका सदस्य बनेपछि थुप्रै चुनौतीका बीच उहाँले वडासँगै गाउँपालिका बैठकमा नीतिनिर्माण र समुदायको विकासका लागि आवाज उठाउँदै आउनुभएको छ ।

"यो जित केवल एउटा व्यक्तिको सफलता मात्र थिएन, वर्षौँदेखि ओझेलमा पारिएका र हेपिएका मगन्ताहरूको आत्म सम्मान र पहिचानको जित थियो", जवन्तीले भन्नुभयो, "अहिले म मगन्ता समुदायको मात्र नभई सिङ्गो वडावासीको जनप्रतिनिधि बनेर काम गर्ने अवसर पाएकी छु ।" गास, बास र कपासजस्ता आधार भूत अधिकार बाट समेत वञ्चित रहँदै आएको अल्पसङ्ख्यक सीमान्तकृत मगन्ता समुदायका लागि आफ्नो जित समाज परिवर्तन का लागि एउटा ऐतिहासिक फड्को रहेको उहाँले बताउनुभयो । मगन्ता बस्तीमा छिर्दा अझै पनि गरिबीको विरक्तलाग्दो चित्र देखिन्छ । करिब ११५ परिवार बस्ने यो बस्तीमा सबैका घर फुसका छन् । बर्खामा छानोबाट पानी चुहिएर घरभित्रै ताल बन्छ, बाटो हिलाम्मे हुन्छ, अनि ओढ्ने-ओछ्याउने र लगाउने गतिलो कपडाको सधैँ अभाव रहन्छ । तर, यही अभावका बीचबाट उदाउनुभएकी जवन्तीको जितले भने बस्तीमा आशाको नयाँ किरण छरेको छ ।

बाँकेमा अल्पसङ्ख्यक माहुत समुदायकी एक्ली जनप्रतिनिधि जवन्ती विभिन्न चुनौती चिर्दै समुदाय र टोल बस्तीको विकासमा खटिनुभएको छ । माहुत समुदायको उत्थान र वडाको समग्र बस्ती विकासका लागि काम गर्ने सोच र योजना आफूमा रहेको उहाँले बताउनुभयो ।

"मैले धेरै लेखपढ गर्न जानेकी छैन, तर आफ्नो बस्तीको दुःख र गरिबका समस्या कसरी उठाउनुपर्छ भन्ने मलाई राम्ररी थाहा छ", जवन्तीले आत्मविश्वास का साथ भन्नुभयो, "गाउँ कार्यपालिका बैठकमा आफ्ना लागि मात्र नभई वर्षौँदेखि पछाडि पारिएका गरिब र सीमान्तकृत वर्गका लागि आवास, शिक्षा, खानेपानी र रोजगारका योजना माग्दै आएकी छु ।" माहुत समुदायलाई लोपोन्मुख अल्पसङ्ख्यक जातीमा सूचीकृत गराएर राज्यबाट सेवा सुविधा दिलाउनु जवन्तीको प्राथमिकतामा परेको छ ।

"हाम्रो समुदाय लाई लोपोन्मुख अल्पसङ्ख्यक जातीमा सूचीकृत गर्नुपर्ने छ, मगन्ता बस्तीलगायत वडाका समग्र टोलको विकास गर्नुछ", उहाँले भन्नुभयो, "कार्यपालिका बैठकमा पटकपटक यो समुदाय र बस्तीको समस्या उठाएकी छु । शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासमा पहिलाभन्दा सकारात्मक पहल भएका छन्, अझै धेरै गर्नुपर्ने छ ।"

उहाँका अनुसार जनता आवास कार्यक्रम वडामा पारेर फुसका घरलाई विस्थापित गर्ने काम सुरु भएको छ ।

उहाँले बाटोघाटो बनाउने, मागेर गुजारा चलाउनेहरूलाई आयआर्जनमा लगाउन शिक्षा र स्वास्थ्यमा पहुँच पुर्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । गाउँपालिकाले वडा र माहुत बस्तीका लागि बजेट तथा कार्यक्रम विनियोजन नगर्दा सोचेजस्तो काम हुन नसकेको उहाँको भनाइ छ ।

जवन्ती माहुतको यो यात्राले लोकतन्त्र र सङ्घीयता कागजमा लेखिएका शब्द मात्र नभई यसले तल्लो तहका नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउन सक्छ भन्ने बलियो सन्देश दिएको डुडुवा गाउँपालिका-६ का वडाध्यक्ष मोहनराम मिश्रले बताउनुभयो ।

"फुसको छाप्रो र माग्ने झोलाबाट सुरु भएको यो यात्राले आज स्थानीय सरकारको ढोका घच्घच्याएको छ, जहाँबाट अब मगन्ता समुदायको नयाँ भविष्यको ढोका खुल्ने अपेक्षा गरिएको छ", वडाध्यक्ष मिश्रले भन्नुभयो, "अवसर पाएमा सीमान्तकृत समुदायका महिलाले पनि समाज परिवर्तनमा ठूलो काम गर्न सक्ने उदाहरण जवन्ती बन्नुभएको छ ।"

जवन्तीको जितले साँच्चै 'गरिबका पनि दिन आउँछन्' भन्ने अनुभूति गराएको स्थानीय अगुवा केलाराम माहुतले बताउनुभयो । संविधानले मातृभाषा, मौलिक अधिकार, सामाजिक न्याय र समावेशी प्रतिनिधित्वका लागि महत्वपूर्ण आधार तयार गरे पनि संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा अझै कमी रहेको उहाँको भनाइ छ ।

## संविधान दिवसः पिछडिएको वर्गका लागि अधिकार र पहिचानको आधार

कर्णाली । नेपाली जनताले नेपालको संविधान प्राप्त गरेको एक दशक पार भइसकेको छ । विसं २०७२ असोज ३ गते नेपालको संविधान घोषणा भएको थियो । नेपाली जनताको हक, अधिकार सुनिश्चित गरेको दिनको स्मरणमा शनिबार देशभर ११औँ संविधान दिवस विविध कार्यक्रम गरी मनाइएको छ ।

संविधान निर्माण भएसँग मुलुकमा सङ्घीयता लागू भयो । संविधान जारी भएपश्चात् पाँच विकास क्षेत्र र १४ अञ्चललाई सात प्रदेशमा विभाजन गरियो । सीमाङ्कनका क्रममा कर्णाली प्रदेशमा १० जिल्ला छन् । प्रदेशमा सङ्घीय १२ र प्रदेशका २४ निर्वाचन क्षेत्र छन् भने २५ नगरपालिका ५४ गाउँपालिका गरी ७९ स्थानीय तह र ७१८ वडा छन् ।

राष्ट्रिय जनगणना विसं २०७८ अनुसार कर्णाली प्रदेशको कूल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेको छ । यहाँ ब्राह्मण, क्षेत्रीको बाहुल्यता रहनुका साथै मगर, गुरुङलगायत जनजाति, अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख जाति, थारु, राजी, कुसुण्डा, बोटे, राउटे समुदाय पनि बस्दै आएका छन् ।

यीमध्ये राउटे समाजको फरक संस्कृति, जीवनशैली बोकेको फिरन्ते जातिका रूपमा मानिन्छ । सूचना, सञ्चार र प्रविधिको द्रुत विकास भइरहेको अत्याधुनिक युगमा पनि राउटे जाति जङ्गलमा घुमन्ते जीवन बिताउँदै आएकामा संविधान जारी पछि यो जातिको दैनिकी बदलिएको छ ।

संविधान प्राप्तिपछि भने राउटेको जीवनशैलीमा परिवर्तन आएको छ । विगतका एक वर्षमा २२ ठाउँमा बसाइँ सर्ने राउटेहरु पछिल्लो एक दशकमा बसाइँ सर्ने शैली फेरिएको राउटे मुखिया शेरबहादुर शाहीले बताउनुभयो । उहाँका अनुसार अहिले वर्षमा आठ ठाउँ बसाइँ सर्ने गरिएको छ । संविधानले आफूहरूलाई सामाजिक सुरक्षा भत्ता दिलाउन सहयोग गरेको उहाँले जानकारी दिनुभयो ।

सञ्चारकर्मीहरुसंग कुरा गर्दै मुखिया शाहीले भन्नुभयो, "संविधान आएपछि सहिजैसँग आफ्ना माग स्थानीय सरकार राख्न सक्ने भएका छौँ । खाद्यन्नसहित अन्य सामग्री आवश्यक परेमा सुनाउन सक्छौँ । अहिले पनि सुर्खेतको सिम्ता गाउँपालिका-४ बालीखोलाका जनतालाई चामल र मासु चाहिएको छ पठादिन सम्बन्धित निकायसँग अनुरोध छ ।"

राउटे समुदायको शिक्षा, स्वास्थ्य र जीविकोपार्जनको क्षेत्रमा नजिकमा रहेर एक दशकदेखि काम गर्दै आउनुभएका सोसेक नेपालका शिक्षक लालबहादुर खत्री (जोडी) ले संविधान घोषणा भएसँगै मुलुक सङ्घीय व्यवस्थाको कार्यान्वयनमा गएपछि राउटेहरूमा सामाजिकीकरण सुरु भएको बताउनुभयो । "फिरन्ते जीवन बिताउँदै आएका राउटे समुदाय यसअघि मदिराको लतमा फस्ने, फरन्ते जीवन यापन गर्ने गर्दथे । पछि संविधानले अधिकार सुनिश्चित गर्नुका साथै सामाजिकी करण गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ", उहाँले भन्नुभयो । शिक्षक खत्रीले भन्नुभयो, "हामीले राउटेको संस्कृति, संस्कार, उनीहरूको परम्परागत जीवनशैली र सीपको संरक्षण तथा प्रवर्द्धन गर्दै आएका छौँ । पाको पुस्ता विगतका सोच, शैली र संस्कारमा रहे पनि उनीहरूको नयाँ पुस्ता मानव समाजसँग घुलमेल हुन थालेको छ । नागरिकता लिन नचाहे पनि सामाजिक सुरक्षा भत्ताका लागि दैलेखको गुराँस गाउँपालिकाले परिचयपत्रको व्यवस्था गरेर प्रतिव्यक्ति मासिक रु चार हजारका दरले भत्ता उपलब्ध गराउँदै आएको छ ।" उहाँका अनुसार ४६ घरधुरी गरेर अहिले राउटेको जनसङ्ख्या १३० छ ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१० नयाँगाउँकी लक्ष्मी चौधरीले नेपालको संविधान २०७२ पूर्वको अवस्थाभन्दा आजको अवस्था सहज र अधिकारसम्पन्न भएको बताउनुभयो । यदि नेपालमा संविधान र सङ्घीयता नआएको भए आफूहरूको अवस्थामा परिवर्तन नहुने भन्दै उहाँले समाजमा आफ्नो समुदायलाई यसअघि धारु जाति भनेर धेरै हेप्ने गरिएको दुखेसो पोख्नुभयो । अर्काको काम गरेर खाने जातिका रूपमा परिचित थारु जातिलाई आजको यो व्यवस्थाले विगतको कठिन अवस्थाबाट माथि उकासेको उहाँको भनाइ छ ।

चौधरीले भन्नुभयो, "संविधान ले सुनिश्चित गरेको अधिकारकै कारण आज म वीरेन्द्र नगर-१० बाट वडासदस्य भएकी छु । यदि संविधान नआएको र मुलुक सङ्घीयतामा नगएको भए हामीले यो अधिकार कसरी पाउँथ्यौ ? नीतिगत तहमा पुगेर हाम्रा आवाज राख्ने अवसर मिल्ने थिएन ।" आफूहरू जस्तै पछाडि पारिएका, उत्पीडित, शोषित, सीमान्तकृत, अल्पसङ्ख्यक जाति, भाषा र वर्गका नागरिकको हकअधिकारका लागि यो संविधान र सङ्घीयता वरदान र पहिचान बनेको उहाँले बताउनुभयो । जुम्लाको तिला गाउँपालिका-४ की रन्नसरा सुनारले विगतलाई फर्केर हेर्दा आज पनि डर लागेर आउने प्रतिक्रिया दिनुभयो । "एक दशक अघि मात्र पनि जातीय विभेद् चरम थियो । अरुको घरमा काम गरेर आएका थोरै आम्दानीले जीविको पार्जन हुन्थ्यो । आज त्यो सबै अन्त्य भएको छ", उहाँले भन्नुभयो, "यो व्यवस्थाले साँच्चै हामी जस्ता उत्पीडित, गरिब र निमुखालाई स्वतन्त्रता, खुसी र आत्मनिर्भर भएर बाँच्ने अधिकार दिएको छ ।"

संविधान जारी भएपछि दमन, शोषण, उत्पीडन, उपेक्षा र विभेदमा परेका सबै वर्ग तथा जातिहरूको आत्मसम्मान बढेको सुनारले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले त सिंहदरबारको अधिकार गाउँगाउँमा आएको छ । हिजो सानोतिनो कामका लागि हिँडेर जिल्ला सदरमुकाम धाउनुपर्थ्यो ।

# हरियाली सहकारीको अध्यक्षमा पृथ्वीनारायण श्रेष्ठ चयन

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । नीलकण्ठ नगरपालिका-३, धादिङबेसीस्थित हरियाली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको अध्यक्षमा पृथ्वीनारायण श्रेष्ठ चयन हुनुभएको छ । असोज ३ गते सम्पन्न संस्थाको २७ औं वार्षिक साधारणसभा तथा नवौं निर्वाचन कार्यक्रमबाट श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो ।

कार्यसमितिको उपाध्यक्षमा दामोदर न्यौपाने, सचिवमा गर्भेबहादुर मिझार र कोषाध्यक्षमा गोमती खतिवडा चयन हुनुभएको छ । सदस्यहरूमा कृष्णप्रसाद रिजाल, पार्वती कोइराला, ऋषिराम ढुङ्गाना, श्यामसिंह ठकुरी र राधा लम्साल रहनुभएको छ ।

साधारणसभाले लेखा समितिको संयोजकमा माधव लम्साल तथा सदस्यहरूमा अम्बिका लामिछाने र सरिता श्रेष्ठलाई चयन गरेको छ । ऋण उपसमितिका सदस्यमा सविता नगरकोटी र नन्दलाल ढकाल तथा शिक्षा समितिका सदस्यमा दान ब. श्रेष्ठ र रुपा श्रेष्ठ चयन हुनुभएको छ । सभाले आर्थिक



वर्ष २०८२/८३ को प्रगति प्रतिवेदन अनुमोदन गर्नुका साथै आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यक्रम पारित गरेको छ ।

संस्थाका अध्यक्ष ध्रुवप्रसाद रिजालको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि रामचन्द्र अधिकारीले स्थानीय अर्थतन्त्र र सामाजिक क्षेत्रमा सहकारीले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । संस्थाका संस्थापक अध्यक्ष डा. मोहनबहादुर कडेल र अतिथि शिवहरि अधिकारीले सहकारीको महत्त्व, भावी कार्यदिशा तथा सामाजिक उत्तरदायित्वबारे मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा विभिन्न विधामा सेयर सदस्य तथा बालबालिकालाई सम्मान गरिएको थियो। गीता तिवारीले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रमको सञ्चालन रोहिणीप्रसाद कोइरालाले गर्नुभएको थियो ।

राष्ट्रिय गानबाट सुरु भएको कार्यक्रममा दिवंगत सेयर सदस्य तथा भोटेकोसी बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा एक मिनेट मौनधारण गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो । सो अवसरमा गोमती खतिवडाले भोटेकोसी बाढीसम्बन्धी कविता वाचन गर्नुभएको थियो ।

# पूर्वप्रधानमन्त्री दाहालद्वारा संविधान दिवसको शुभकामना

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानसभाबाट जारी संविधानका उपलब्धिलाई जनताको जीवनसँग जोड्नु र बाँकी कार्यभार पूरा गर्नु आजको मुख्य दायित्व भएको बताउनुभएको छ ।

संविधान दिवस २०८३का अवसरमा शनिबार शुभकामना दिँदै उहाँले संविधानले परिकल्पना गरेको वास्तविक परिवर्तन पूरा गर्न सबैको एकताबद्ध प्रयास आवश्यक रहेको बताउनुभयो ।

असोज ३ गतेलाई संविधान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र जनताले प्राप्त गरेका अधिकारलाई पछाडि फर्काउने प्रयत्न स्वीकार्य नभएको उल्लेख गर्दै संयोजक दाहालले संविधानका मूल्य र जनअधिकारलाई कमजोर पार्ने गतिविधिविरुद्ध लोकतान्त्रिक शक्तिहरु एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

"राजनीतिक परिवर्तनलाई आर्थिक-सामाजिक रूपान्तरणसँग जोड्दै शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादन र समान अवसरमा सबै नागरिकको पहुँच सुनिश्चित गर्नुपर्छ । संविधानका अक्षर मात्र होइन, यसको आत्मालाई जनताको दैनिक जीवनमा अनुभूत हुने गरी कार्यान्वयन गर्नुपर्छ", संयोजक दाहालद्वारा जारी शुभकामना सन्देशमा भनिएको छ ।



उहाँले संविधान केवल एउटा कानुनी दस्तावेज नभई नेपाली जनताको त्याग र बलिदान बाट प्राप्त ऐतिहासिक राजनीतिक उपलब्धिको संस्थागत अभिव्यक्ति भएको बताउनुभयो ।

# दरवाङ-मुना-ढोरपाटन सडक : १४ महिनामा २५ प्रतिशत प्रगति

म्याग्दी । यहाँको दरवाङ-मुना-ढोरपाटन सडक योजनाको ठेक्का सम्झौताको १४ महिनाका अवधिमा २५ प्रतिशत भौतिक प्रगति भएको छ ।

सत्ताइस महिनामा सम्पन्न गर्ने लक्ष्यसहित विस २०८२ असार ११ गते सम्झौता भएको आयोजना को बाँकी १३ महिनाको अवधिमा थप ७५ प्रतिशत काम सम्पन्न गर्न चुनौति देखिएको छ ।

प्रशासनीक खर्च बाहेक रु ६७ करोड लागत अनुमान गरिएको योजना कार्यान्वयनका लागि रु ५२ करोड ८० लाख ५३ हजार कबोलेको निर्माण कम्पनीसँग सम्झौता भएको थियो । हालसम्म २५ प्रतिशत भौतिक प्रगति भएको पूर्वाधार विकास कार्यालय, म्याग्दीले जनाएको छ । पेश्की रु २७ करोड १० लाख सात हजार मात्र खर्च भएको छ ।

मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि धवलागिरिको केन्द्र मुना जोड्ने सडकलाई कालोपत्र र ढलान गरेर स्तरोन्नति गर्न गण्डकी प्रदेश र सङ्घीय सरकारको साझेदारी मा सञ्चालित योजना निर्माण पछिल्लो समय ठप्प बनेको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । "गत कात्तिकदेखि फागुनसम्म तिब्रताका साथ निर्माण भएको योजना चैतदेखि सुस्ताउँदै असारयता ठप्प बनेको छ," उहाँले भन्नुभयो "ठेकेदार सम्पर्क बिहिन हुँदा स्तरोन्नतिका क्रममा रहेको सडकमा खसेको पहिरो पन्छ्याउने तथा जोखिमयुक्त ठाउँमा मर्मत गरी नियमित यातायात सञ्चालनमा पनि समस्या भएको छ ।" गण्डकी प्रदेशमार्फत म्याग्दीमा भित्रिएको हालसम्मकामध्ये सबैभन्दा ठूलो र धेरै बजेटको यस योजना मार्फत दरवाङ-धारापानी (सात किलोमिटर) र मच्छिम-मुना (चार किलोमिटर) अक्सफाल्ट प्रविधिको कालोपत्र र ढलान गर्ने लक्ष्य छ ।

धवलागिरि -७ धारापानीका माधव गिरीले निर्माण व्यवसायीले अपेक्षित गतिमा काम नगरेका कारण कच्चि सडकमा असहज रूपमा यात्रा गर्नुपरेको गुनासो गर्नुभयो । सवारी चालक गणेश थापाले फराकिलो बनाउनका लागि हिउँदमा भत्काएको र अधुरो अवस्थामा रहेको सडकमा हिलोमा गाडी फस्ने समस्याका साथै गाडी चलाउन दुःख भएको गुनासो गर्नुभयो । निर्माणाधिन सडकमा जमेको हिलोमा सवारी साधनका पाङ्ग्रा फसेर निकाल्न गाहे भएको उहाँको भनाइ छ ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाका अनुसार सङ्घीय र प्रदेश सरकारको (समपुरक) ५०/५० प्रतिशत लागत साझेदारी रहने यस योजनाको ठेकेदारले काम नगर्दा आर्थिक वर्ष २०८२/०८३ मा रु २३ करोड २२ लाख विनियोजन भएकोमा जम्मा रु पाँच करोड ४२ लाख १४ हजार खर्च भएको छ ।

# तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर

दमौली । तनहुँ जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर बन्दै गएको छ । विगत केही वर्षदेखि जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर छ भने माछामा भने आत्मनिर्भर नरहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले जनाएको छ । केन्द्रका पशु स्वास्थ्य प्राविधिक रुद्रसिंह ठकुरीले प्रति व्यक्ति प्रति वर्ष न्यूनतम ९१ लिटर दूध आवश्यक पर्नेमा तनहुँमा ११५.५ लिटर उपलब्धता रहेको जानकारी दिनुभयो । त्यस्तै १४ केजी मासु आवश्यक पर्नेमा १४.२ केजी केजी मासु उपलब्धता छ । ४८ गोटा अण्डा आवश्यक पर्नेमा ८१ गोटा अण्डा उपलब्धता रहेको ठकुरीले बताउनुभयो । यो हिसाबले प्रति व्यक्तिका लागि दूधमा २४.५४ लिटर, मासुमा ०.२ केजी र अण्डामा ३३ गोटा बढी उत्पादन भइरहेको उहाँले बताउनुभयो ।

माछामा भने ७ केजी आवश्यक पर्नेमा ०.२७ केजीमात्रै उपलब्धता छ । माछामा अझै ६.७ केजी अपुग रहेको ठकुरीले बताउनुभयो । आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा ७६ हजार एक सय २१ मेट्रिक टन दूध उत्पादन भएको छ । आर्थिक वर्ष २०८१/८२ मा ७४ हजार सात सय ५१ मेट्रिक टन दूध उत्पादन भएको थियो । यो वर्ष एक हजार तीन सय ६९ मेट्रिक टन बढी दूध उत्पादन भएको छ । दूध उत्पादक कृषकलाई उत्पादनमा प्रोत्साहन दिने नीतिले कृषक पशुपालनतर्फ आकर्षित भएको ठकुरीको भनाइ छ । आर्थिक वर्ष २०८२/८३ मा चार हजार सात सय ८१ दशमलव ३ मेट्रिक टन मासु उत्पान भएको छ ।

## संविधानको ........

यस विशेष घडीमा विपद् व्यवस्थापन एवं उद्धारमा सहयोग गरेका सबै मित्रराष्ट्र, अन्तरराष्ट्रिय समुदाय एवं संघसंस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा देशवासीप्रति आभार प्रकट गर्नुभयो । "धन्यवाद मात्र पर्याप्त छैन । नेपाल विश्वका विपद् उच्च जोखिम भएका मुलुकहरूको सूचीमा छ ।


## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि ३५ दिने सूचना

(सूचना प्रकाशन मिति: २०८३/०६/०४)

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : खानिखोला शाखा, धादिङ्ग ।**

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं., जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजे/ ससुरा को नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८३ भदौ ३१ सम्मको ब्याज र अन्य रकम | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मायाँ तामाङ | धुनिवेशी २ धादिङ, | १/३३५२८, धदिङ, २०६६।११।२७ | कृष्णबहादुर तामाङ/रमेश तामाङ | काले तामाङ ससुरा | भिटा लोन | ४७,४३४.४४ | ८,२१३.३८ | ५५,६४७.८२ |
| २ | बिनोद तामाङ | धुनीबेशी ९ धादिङ, | २६ १/३२३३५ धादिङ, २०६६/१०/०५ | हरिबहादुर तामाङ | प्रेम बाहादुर तामाङ | घरायसी/सरल कृषी र्कजा | २०,००,०००.०० | १,१०,०१८.४२ | २१,१०,०१८.४२ |
| ३ | न्यु भोगटेनी कृषी तथा पशुपन्छी फार्म | थाक्रे ७ धादिङ | २६-०१-७३-०८५९३ धादिङ, २०७३।०८।०६ | कृष्ण बहादुर भुजेल | टेक बहादुर भुजेल | सरल कृषि कर्जा | १५,१४,२८५.७५ | २,३४,५२४.९६ | १७,४८,८१०.७१ |

| फर्मको दर्ता नं. | दर्ता भएको कार्यालय | दर्ता मिति | पान नं./मिती |
|---|---|---|---|
| १८३५/०७/०७८/०७९ | थाक्रे गाउँपालीका | २०७८/०४/२८ | ६१६३६१४०१/२०७८/०४/२१ |

**प्रोप्राईटरको नाम**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| पुर्ण बहादुर तामाङ | थाक्रे ७, धादिङ, | २६-०१-७३-०८५९३ | धादिङ, २०७३।०८।०६ | कृष्ण बहादुर भुजेल | टेक बहादुर भुजेल |

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय बिरेन्द्रनगर,
चितवन


प्रत्यूष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com